# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ०९ संख्या ०४ मिति २०८२/०४/ ०९**

भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि, , सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ संसोधन**

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश नेपाल

कार्यपालिका स्वीकृत संसोधन मिति २०८२/०३/०८
प्रमाणीकरण मिति २०८२/०४/०९

# उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८२
## संसोधन सहित

**प्रस्तावना**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्र रही स्थानीय पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य सञ्चालनका लागि गाउँपालिकाले उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले राप्ती सोनारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम राप्ती सोनारी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(ख) "आयोजना" भन्नाले राप्ती सोनारी गाउपालिका वा सो अन्तरगतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित स्थानीय पूर्वाधार विकासका योजना, आयोजना तथा कार्यक्रमलाई सम्झनु पर्दछ। यसले राप्ती सोनारी गाउसभाबाट स्वीकृत भएको गैर सरकारी संघ संस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउने छ।

(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्ति तथा समुदायलाई जनाउने छ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समितिलाई सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ। सो शब्दले वडा कार्यालय समेतलाई बुझाउने छ।

(च) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(छ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्स्काभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ।

(ज) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ।

(झ) "वडा" भन्नाले राप्ती सोनारी गाउँपालिका भित्रका वडालाई सम्झनु पर्दछ।

(ञ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ।



CamScanner

(ट) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउने छ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउने छ।

(ठ) सम्झौता भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति बिच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउने छ।

**३. कार्यविधिको पालना गर्नुपर्ने :**

(१) गाउँपालिकाल भित्र कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकासका आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्ण रूपमा यो कार्यविधिको पालना गर्नु पर्दछ।

(२) कुल लागत रु १ करोड सम्म भएको स्थानीय पूर्वाधार विकासका आयोजना तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने छ।

## परिच्छेद २
## उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन :

**४. उपभोक्ता समितिको चयन तथा गठन सम्बन्धी व्यवस्था :**

(१) उपभोक्ता समितिको गठन देहाय बमोजिम गर्नु पर्नेछ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरूको आम भेला तथा अधिकतम सहभागिताबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगावै सार्वजनिक रूपमा जानकारी गराउनु पर्नेछ।

(ग) गाउँपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(घ) वडा स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाइएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नु पर्ने छ। समितिमा कम्तीमा ३३ (तेत्तीस) प्रतिशत महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै सगोलका परिवारबाट एक जना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरूको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ।

(झ) उपभोक्ताहरूको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ।

(ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन।

(ट) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ मा उल्लेख घरधुरी लेखाजोखाको ढाँचाबाट लिई व्यवस्थित गर्नु पर्नेछ।

**५. उपभोक्ता समितिका सदस्यको योग्यता :** (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ।



CamScanner

(क) सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा ।
(ख) १८ वर्ष उमेर पुरा भएको ।
(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
(घ) सरकारी बाँकी बक्यौता वा पेस्की फछ्यौट गर्न बाँकी नरहेको ।
(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको ।

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाइने छैन ।

**६. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार :** उपभोक्ता समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने ।
(ख) उपभोक्ताहरूलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने ।
(ग) सम्झौता बमोजिम कार्य सुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र सुरु गर्ने ।
(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने ।
(ङ) उपभोक्ता समितिका सदस्यहरूको क्षमता विकास गर्ने ।
(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने ।
(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

**७. उपभोक्ता समितिको पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :** उपभोक्ता समितिले गाउँ कार्यपालिकासंग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका सर्तहरूको अतिरिक्त निम्न दायित्वहरू वहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,
(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,
(ग) आयोजनाको बिच बिचमा निर्माण कार्यको समीक्षा,
(घ) आयोजना कार्यान्वयनका लागि अन्य पक्षहरू जस्तैः वन कार्यालय, सामुदायिक वन, स्थानीय सहकारी संस्था, युवा क्लव, नागरिक समाज, आदिसँग प्रभावकारी समन्वय गर्ने,
(ङ) सामाजिक सद्भाव कायम, व्यवस्थित अभिलेख राख्न सहयोग तथा असल नागरिकको आचरण पालना गर्नुपर्ने,
(च) आयोजनासँग सम्बन्धित बिल भरपाई तथा अभिलेख कार्यालयमा पेस गरी आयोजनाको सार्वजनिक परीक्षण, तथा आयोजना फरफारकको लागि सहयोग गर्ने साथै अनुसूची ६ बमोजिम आयोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन तयार गर्न प्राविधिक तथा अन्य कर्मचारीलाई सहयोग गर्ने,
(छ) अन्य भैपरि आउने कार्य तथा समन्वय विस्तार गर्ने ।

**८. लाभग्राहीको काम, कर्तव्य र अधिकार :**

(क) सहयोगी संस्थालाई कार्यक्रमको लागी आवश्यक सहयोग र सूचना उपलब्ध गराउने ।
(ख) खाद्य असुरक्षित समुदायका सदस्यहरू एव महिलाहरूको हित सुनिश्चित गर्न उपभोक्ता समितिका सदस्यहरू मनोनीत गर्ने ।
(ग) परियोजना सञ्चालनको लागी आवश्यक (नपुग) औजार जुटाउन/व्यवस्थापन र सुरक्षा गर्नको लागी उपभोक्ता समितिलाई सहयोग गर्ने ।
(घ) पूर्वाधार सृजना गर्ने क्रियाकलापहरूमा सहभागी हुने ।

(ङ) सम्भव भएको बेला स्वैच्छिक अनुदान उपलब्ध गराउने तथा यस्ता अनुदानको व्यवस्था गर्ने।
(च) सार्वजनिक लेखा परीक्षणको बैठकमा उपस्थित हुने।
(छ) सम्पन्न भएका पूर्वाधारहरूको सञ्चालन र मर्मत गर्ने।
(ज) परियोजनाको कार्य स्थलमा मद्यपान गरेर नआउने यदि कोही कसैले यस्तो कार्य गरी आएको खण्डमा उपभोक्ता समूहले त्यस्तो व्यक्तिको उक्त दिनको हाजिरी रुद्द गर्नको लागि उपभोक्ता समितिलाई सिफारिस गर्नुपर्नेछ।
(झ) हरेक लाभान्वित घरधुरीले कार्यक्रमको तर्फबाट अनुदान (ज्याला) प्राप्त गर्नको लागी, कार्यक्रमले तोकेको आयोजनामा तोकिएको काम दिन बराबरको काम अनिवार्य सम्पन्न गर्नुपर्नेछ (काम दिन भन्नाले सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकेको स्तरीय मापदण्ड बुझ्नु पर्दछ)।

## परिच्छेद ३
## कार्यान्वयन तथा व्यवस्थापन

**९. आयोजनाको कार्यान्वयन :**

(१) गाउँपालिकाले आ.व. सुरु भएको १५ दिन भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने स्थानीय पूर्वाधार विकासका आयोजना, परियोजना तथा कार्यक्रमहरू पहिचान छनौट गरी कार्यान्वयन योजना निर्माण गर्नु पर्नेछ। उपभोक्ता समिति गठन पश्चात् आयोजनाको ड्रईङ, डिजाइन, लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ।
(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र गाउँपालिका बिच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरनुपर्ने छ।
(३) आयोजनाको प्रकृति हेरी गाउँपालिकाले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा वस्तुगत) तोक्नु पर्नेछ।

**१०. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरू :**

(१) उपभोक्ता समितिले गाउँपालिकासँग सम्झौता गर्दा तपसिलमा उल्लेखित कागजातहरू पेश गर्नुपर्नेछ।
(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,
(ख) उपभोक्ता समितिका सदस्यहरूको नागरिकताको प्रतिलिपि,
(ग) आयोजनाको लागत अनुमान विवरण,
(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,
(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका,
(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएका निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरू।

**११. उपभोक्ता समितिको क्षमता विकास :**

(१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरू तथा लाभग्राहीलाई निर्माण पूर्व तालिम दिनु पर्नेछ यसका साथै निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछ।
(क) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार,
(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ता योगदान,
(ग) निर्माण सामाग्रीको गुणस्तर र परिमाण,
(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखांकन र अभिलेख व्यवस्थापन,
(ङ) कार्यान्वयन र अनुगमन प्रकृया,
(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण
(छ) अन्य आवश्यक विषयहरू।

अगैया, बाँके
लुम्बिनी प्रदेश नेपाल

**१२. उपभोक्ता समितिको खाता सञ्चालन तथा परिचालन :**

(१) उपभोक्ता समितिको खाता गाउँपालिकाले तोकेको बैङ्कमा सञ्चालन हुनेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) खाता सञ्चालकहरू मध्ये कम्तीमा एक जना महिला हुनु पर्नेछ ।

**१३. भुक्तानी प्रकृया :**

(१) स्थानीय पूर्वाधार विकास आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समिति, सप्लायर्स तथा कामदारको नाममा रहेको बैङ्क खाता मार्फत दिनु पर्नेछ । गाउँपालिकाले स्थानीय पूर्वाधार विकास आयोजनाको सम्पूर्ण भुक्तानी चेक मार्फत मात्र गर्नु पर्नेछ ।

(२) उपभोक्ता समिति तथा कामदारलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईने छ । तर सप्लायर्सलाई भुक्तानी दिदा सम्झौतामा उल्लेख भए बमोजिमको सामाग्रीको परिमाण तथा गुणस्तरको प्राविधिक कर्मचारीबाट एकिन गरी तोकिए बमोजिम पाइएमा भुक्तानी दिइनेछ ।

(३) उपभोक्ता समितिले भुक्तानीको माग गर्दा, कार्य सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी सो को प्रतिलिपि सहित अन्य आवश्यक कागजात कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै गाउँपालिकाबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यसरी भएको अनुगमनको प्रतिवेदन तथा अनुगमन फोटोको आधारमा अन्तिम किस्ता भुक्तानी दिईने छ ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रूपमा गाउँपालिका वा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

(६) उपभोक्ता समिति आफूले वा उपभोक्ता समिति अन्तरगतका लाभग्राहीले प्रत्येक किस्तामा गरेको खर्चको प्रमाणित समितिको बैठकबाट सबै लाभग्राहीलाई गराई सो को सूचना अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(७) उपभोक्ता समितिले आयोजनाको सुरु गर्नु भन्दा अगावै आयोजनाको आयोजनाको नाम, कुल लागत, लागत साझेदारीको अवस्था, खरिद गर्नु पर्ने सामाग्री, काम सुरु र सम्पन्न गर्नु पर्ने अवधि आदि को विवरण अनुसूची ५ को ढाँचामा तयार गरी सबैले देख्ने सक्ने ठाउँमा आयोजना सूचना पाटीको टाँस गर्नु पर्नेछ ।

(८) उपभोक्ता समितिलाई सम्वन्धित गाउँपालिकाले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँच पास गर्ने लगायत अन्य प्राविधिक सहयोग तथा सामाजिक सहजीकरण उपलब्ध गराउनेछ ।

(९) उपभोक्ता समितिलाई लागत अनुमानमा उल्लेख भएका सुरक्षाका सामाग्री, प्राथमिक उपचार किट, हाते औजार, बाह्य निर्माण सामाग्री, तथा अन्य उपकरणहरू सम्वन्धित गाउँपालिका तथा वडा कार्यालयले उपलब्ध गराउनु पर्नेछ । सम्वन्धित कार्यालयले प्रचलित कानूनको अधिनमा रही सामाग्रीको खरिद, दाखिला, रकम भुक्तानी तथा सामाग्रीको हस्तान्तरण गर्नेछ ।

(१०) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको प्रभावकारी कार्यान्वयन, गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्वन्धित प्राविधिक कर्मचारी, प्रशासनिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ ।

(११) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी, सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रूपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

(१२) विविध कारणवश तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, गठन भई सम्झौता हुन नसकेमा वा सम्झौताको सर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा गाउँपालिकाले अन्य प्रकृया अपनाई काम सम्पन्न गराउन सक्नेछ । यस्तो भुक्तानी गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(१३) स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन गर्दा उक्त आयोजनासँग सम्बन्धित लाभग्राही, उपभोक्ता समितिको अभिमुखीकरण, क्षमता विकास, आयोजनाको समीक्षा, सार्वजनिक परीक्षण, स्टेशनरी, प्राविधिक अनुगमनका लागि कूल

लागतको बढीमा ३ (तीन) प्रतिशत कन्टिजेन्सी रकम विनियोजन तथा वास्तविक खर्चका आधारमा गाउँपालिकाले भुक्तानी गर्न सक्नेछ ।

**१४. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्ने :** उपभोक्ता समितिबाट सञ्चालन हुने स्थानीय पूर्वाधार विकास आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरूको अतिरिक्त निम्न विषयहरू पूर्ण रूपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामाग्रीको गुणस्तर: निर्माण सामाग्री ड्इङ, डिजाइन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तर: निर्माण विधि र प्रकृया गाउँपालिकाको कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ ।

(ग) निर्माण कार्यको दिगोपना: उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समितिले मर्मत सम्भार समितिको निर्माण गरी उक्त योजनाको मर्मत सम्भार योजना तयार गरी नियमित मर्मत सम्भार गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी : उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यका लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(ङ) लगत राख्नु पर्ने : उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको स्थानीय तथा बाह्य सामाग्री, सुरक्षण सामाग्री, निर्माण कार्यको दैनिक हाजिरी विवरण, आदिको अभिलेख व्यवस्थित र स्पष्ट राख्नु पर्नेछ यदि उपभोक्ता समितिले तोकिएका विवरण स्पष्ट नराखेमा, समयमा कार्य सम्पन्न नगरेमा, लागत विवरण पारदर्शी रूपमा नराखेमा र काम गुणस्तरीय नभएमा उपभोक्ता समिति तथा सम्बन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ ।

**१५. अनुगमन समितिको व्यवस्था :**

(१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न यस गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०८२ ले व्यवस्था गरे बमोजिम हुनेछ ।

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजना कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने, नगरेको पाईएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आयोजनासँग सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारी आयोजना स्थलमा बसी उपभोक्ता समिति तथा कामदारहरूलाई काममा सहजीकरण गरे नगरेको यकिन गर्ने,

(घ) आयोजनाको कार्य अनुसार समयमा भुक्तानी भए नभएको यकिन गर्ने यदि भुक्तानी नभएको खण्डमा भुक्तानीका लागि आवश्यक निर्देशन दिने,

(ङ) आयोजना स्थलमा उपलब्ध गराईएका हाते औजार, सुरक्षण सामाग्री तथा प्राथमिक उपचारको सही सदुपयोग भए नभएको हेर्ने तथा यदि सही सदुपयोग नभएको खण्डमा तत्काल प्रयोग गर्नका लागि निर्देशन दिने,

(च) आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद ४
## विविध

**१६. सुरक्षाका सामाग्री, हाते औजार तथा बाह्य निर्माण सामाग्रीको खरिदः**

(१) स्थानीय पूर्वाधार विकासका आयोजनाहरू कार्यान्वयन गर्दा लाभग्राही (कामदार) को सुरक्षालाई मध्यनजर राखी कामदारको सात (७) लाख सम्मको बिमा, प्राथमिक उपचार किटको व्यवस्था तथा अन्य सुरक्षाका सामाग्रीहरू जस्तैः हेल्मेट, गमबुट, चस्मा, मास्क, पन्जा, सुरक्षण ज्याकेट आदिको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

(२) उपभोक्ता समिति मार्फत सञ्चालन हुने निर्माण कार्यको प्रभावकारिता, कार्य दक्षता/क्षमता वृद्धि गर्न तथा गुणस्तर कायम गर्नका लागि निर्माणसँग सम्बन्धित विभिन्न हाते औजार तथा उपकरणहरू गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

(३) स्थानीय पूर्वाधार विकास आयोजनाको प्रभावकारी कार्यान्वयन, गुणस्तर कायम, तथा दिगो व्यवस्थापन गर्नका लागि आवश्यक बाह्य निर्माण सामाग्रीहरू गाउँपालिकाले समय मै उपलब्ध गराउनु पर्नेछ ।

*स्पष्टीकरणः गाउँपालिकाले खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने सुरक्षाका सामाग्री तथा हाते औजारमा कुल अनुमानित लागतको तीन (३) प्रतिशत र बाह्य निर्माण सामाग्रीका लागि अधिकतम पच्चीस (२५) प्रतिशत रकम मात्र खर्च गर्न सक्नेछ ।*

**१७. अन्य संस्था तथा फर्मबाट कार्य गराउन सकिने :** यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन गरिने स्थानीय पूर्वाधार विकास आयोजनाको कुनै खण्ड निर्माण गर्न प्राविधिक कठिनाइ वा असहजता आएको खण्डमा गाउँपालिकाले अन्य संस्था, फर्मलाई उक्त खण्डको निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन सक्नेछ । यसरी निर्माण गराउँदा उक्त खण्डको लागतलाई पुनरावलोकन गरी सोही बमोजिम उक्त संस्था वा फर्मलाई दिन सकिनेछ तर उक्त संस्था तथा फर्मले निर्माण कार्य सञ्चालन गर्दा सामाजिक सदभाव, प्राकृतिक श्रोतको संरक्षण, वातावरणीय तथा जलवायु अनुकूलन हुने गरी निर्माण कार्य गर्नु गराउनु पर्नेछ ।

**१८. सहजीकरण र सहयोग गर्नु पर्ने :** स्थानीय पूर्वाधार विकासका आयोजनाको प्रभावकारी कार्यान्वयन, सुपरिवेक्षण, तथा अनुगमन/निरीक्षण गर्न कार्यालयले प्राविधिक तथा अन्य कर्मचारीलाई आयोजना निर्माण स्थलमा नियमित खटाउनु पर्नेछ । आयोजनाका लागि खटिएका कर्मचारीहरूले गाउँपालिकामा मासिक प्रगति विवरण उपलब्ध गराउनु पर्नेछ । यसका साथै गाउँपालिका स्थित अनुगमन समितिले नियमित अनुगमन गरी कार्यान्वयनमा थप टेवा पुऱ्याउनु पर्नेछ ।

**१९. मापदण्ड बनाउन सक्ने :**

(१) स्थानीय पूर्वाधार विकास आयोजनाको गुणस्तर सुनिश्चितताको लागि गाउँपालिकाले अनुगमन, तथा मूल्याङ्कन गरी सम्बन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्ग दर्शन बनाई लागू गर्न सक्नेछ ।



CamScanner

अनुसूचीहरू

## अनुसूची १ : लाभग्राहीको विस्तृत विवरण

(कार्यविधिको दफा ४.१(८) सँग सम्बन्धित)

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

तप्त बहादुर पौडेल
अध्यक्ष

वडा नं.                                                    टोल वा बस्तीको नाम:

जम्मा घरधुरी संख्या:

| क्र सं | घरमुलीको नाम (हालको) | लिङ्ग | यदि घरमुली महिला भएमा (एकल/ बिधुवा/ सम्बन्ध विच्छेद खुलाउने) | जातजाति (सरकारी वर्गीकरण अनुसार) | परिवार सदस्य संख्या | | | ० देखि २३ महिना | | २४ देखि ५९ महिना | | ५ देखि ११ वर्ष | | १२ देखि १७ वर्ष | | १८ देखि ५९ वर्ष | | ६० देखि माथि | | गर्भवती, सुत्केरी महिला, अपाङ्गता भएका, गम्भीर खालका रोगग्रस्त संख्या | | | | पारिवारिक आयको श्रोत | | | | | | | | | पारिवारिक आय तथा उत्पादनले वर्षभरि खाना तथा अन्य आधारभूत आवश्यकता पुरा गर्न पर्याप्तता (छ/छैन) | पारिवारिक आय तथा उत्पादनले खान पुग्ने महिना | जग्गाको स्वामित्व (रोपनीमा) | | | जलवायुजन्य प्रकोप जोखिमको सम्भावना (छ/छैन), छ भने कस्तो जोखिम हो, खुलाउने | खाद्य सुरक्षाका दृष्टिकोणले घरधुरीको संकटासन्नता /विपन्नता वर्गीकरण १. अति जोखिमपूर्ण २. मध्यम् जोखिमपूर्ण ३. आंशिक जोखिमपूर्ण ४. तुलनात्मक रूपमा सुरक्षित | खाता नं. | बैङ्को नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | गर्भवती | सुत्केरी (६ महिना सम्म) | अपांगता भएका (क देखी घ कुन वर्ग हो) | गम्भिर खाले रोग ग्रस्त | सरकारी जागिर | अन्य जागिर | व्यापार/व्यवसाय | कृषि तथा पशुपालन | जडीबुटी सङ्कलन | वैदेशिक रोजगार (भारत) | वैदेशिक रोजगार (अन्य मुलुक) | दैनिक ज्याला/मजदुरी | अन्य | | | आफ्नो जग्गा (खेत) | आफ्नो जग्गा (पाखो बारी) | अधिया | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

राप्ती सोनारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अगैया बाँके लुम्बिनी प्रदेश नेपाल

राज बहादुर पौडेल अध्यक्ष

अनुसूची २ : उपभोक्ता समितिसँगको सम्झौता विवरण

(स्थानीय पूर्वाधार विकास आयोजना सञ्चालन कार्यविधि, २०८२ को परिच्छेद ११ को दफा ११.१ तथा अनुसूची ३ सँग सम्बन्धित)
र कार्यविधिको दफा ९(२) सँग सम्बन्धित

# उपभोक्ता समिति र गाउँपालिका बिचको सम्झौता-पत्र

## आयोजना सम्झौता फाराम

राप्ती सोनारी गाउँपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र उपभोक्ता वा आयोजना कार्यान्वयन समिति (यसपछि दोस्रो पक्ष भनिने) का बिच देहाय बमोजिमको सर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं, दियौं ।

**१. सम्झौता गर्ने पक्ष र आयोजना**

क. आयोजना कार्यान्वयन समितिको तर्फबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि

१. नाम :

२. पद : अध्यक्ष

३. ठेगाना :

ख. आयोजनाको विवरण :

१. नाम :

२. ठेगाना :

३. उद्देश्य :

४. आयोजना स्वीकृत गर्ने निकाय :

५. आयोजना सुरु मिति :

६. आयोजना सम्पन्न हुने मिति :

**२. आयोजनाको लागत सम्बन्धी विवरण**

क. लागत अनुमान रु. ...........................

ख. लागत व्यहोर्ने श्रोतहरू

१. गाउँपालिकाबाट : रु. ...........................

२. समुदायमा आधारित संस्थाबाट : रु. ...........................0.00

३. विदेशी दातृ संघ संस्थाहरूबाट : रु. .............(स्थानीय पूर्वाधार सहयोग कार्यक्रम)

४. आयोजना कार्यान्वयन समितिबाट : रु. ...........................

५. गैर सरकारी संघ संस्थाबाट : रु. .............0.00

६. अन्यबाट : रु. ...........................0.00

ग. निर्माण सामाग्रीको विवरण

१. जम्मा :

२. सामाग्रीको नाम र परिमाण :

४. स्रोत

१. संघबाट :

...नारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश नेपाल

नन्द बहादुर पौडेल
अध्यक्ष

२. प्रदेशबाट :

३. गाउँपालिकाबाट :

४. गैर सरकारी संघ संस्थाबाट : छ/छैन

५. सामुदायिक संस्थाबाट : छ/छैन

६. विदेशी दातृ संघ संस्थाबाट : स्थानीय पूर्वाधार सहयोग कार्यक्रम

७. आयोजना कार्यान्वयन समितिबाट :

८. अन्यबाट :

घ. आयोजनाबाट लाभान्वित हुने

१. घरपरिवार संख्या :

२. जनसंख्या :

३. समुदाय :

४. दलित:

५. अन्य :

**३. उपभोक्ता वा आयोजना कार्यान्वयन समिति सम्बन्धी विवरण**

क. गठन भएको मिति :

ख. पदाधिकारीको नाम र ठेगाना :

| क.सं. | पद | [illegible] | ठेगाना | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | सचिव | | | | |
| ३ | कोषाध्यक्ष | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | | | | | |

ग. आयोजना स्थलका लाभान्वित जनसंख्या :

घ. गठन गर्दा उपस्थित लाभान्वितको संख्या :

**४. आयोजना सञ्चालन सम्बन्धी अनुभव :**

**५. आयोजनाको मर्मत सम्भारका लागि व्यहोर्ने व्यवस्था (मासिक, चौमासिक, वार्षिक)**

क. मर्मत सम्भारको जिम्मा लिने समितिको नाम : हालको उपभोक्ता समिति निर्माण पश्चात् मर्मत सम्भार समितिको रूपमा रहनेछ ।

ख. जन-श्रमदान (श्रम शक्ति संख्या) :

ग. सेवा- शुल्कबाट : रु. :

घ. दस्तुर, चन्दाबाट : रु. ..........................

ङ. लागत सहभागिता वा अनुदानबाट : रु. ..........................

च. ब्याज वा अन्य बचत : रु. ..........................

**६. अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी विवरण**

क. निर्माण समूह बनाई कामको परिमाण दिईएको,

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया बाँके
लुम्बिनी प्रदेश नेपाल

अध्यक्ष

ख. वडा कार्यालयबाट दैनिक रेकर्ड व्यवस्थापन, कार्य सञ्चालन तथा रेखदेखका लागि प्राविधिक कर्मचारीको व्यवस्था भएको,

ग. समय समयमा गाउँपालिका तथा वडा कार्यालयबाट प्राविधिक तथा अन्य प्रशासनिक कर्मचारी गएर अनुगमन तथा सुपरिवेक्षण गर्ने प्रर्वन्ध भएको,

घ. प्राथमिक उपचार, कामदारको बिमा, सुरक्षण सामाग्री तथा हाते औजारहरूको व्यवस्थापन भएको,

ङ. कामदारहरूलाई कामको तथा कार्यक्रमको बारेमा विस्तृतमा जानकारी तथा अभिमुखीकरण भएको,

च. निर्माण कार्यको बिचमा तथा कार्य सम्पन्न भए पश्चात् कार्यको समीक्षा तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था गरिएको, र

छ. आयोजनाको सूचना पाटीको व्यवस्था भएको ।

७. **सम्झौताका सर्तहरू**

१. यो आयोजना मिति ........................... देखि सुरु गरी मिति ........................... ........................... सम्ममा पुरा गर्ने छौं ।

२. आयोजनाको लागि व्यवस्था भएको रकम तथा निर्माण सामाग्री सम्वन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं ।

३. आयोजना सम्पन्न भएपछि गाउँपालिकाबाट जाँचपास गरी फरफारक लिनेछौं । साथै आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नु पर्नेछ ।

४. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी स्थानीय लाभान्वित समुदायलाई गराई आयोजना कार्यान्वयन उपभोक्ता समितिको बैठकमा छलफल निर्णय गरी अर्को किस्ता माग गर्नेछौं ।

५. योजनाको काम समयमा नगरेमा वा गुणस्तरीय ढङ्गले नगरी कुनै हानी नोक्सानी भएमा सो को पूर्ण जिम्मेवारी उपभोक्ता समितिले लिनेछ र सो हानी नोक्सानी र क्षतिपूर्ति तिर्न/बुझाउन यस समिति सहमत छ ।

६. नगदी, जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा योजनाको प्रगति विवरण अभिलेख आदि उपभोक्ता समितिले तयार गरी राख्नेछौं ।

७. आयोजनाको कूल लागत भन्दा घटी लागतमा योजना सम्पन्न भएको अवस्थामा सो मुताबिक नै गाउँपालिका वा गाउँपालिकाको नगद अनुदान र लागत सहभागिता एवं श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन/दिन सहमत छौं ।

८. आयोजना सञ्चालन गर्ने यस उपभोक्ता समितिले योजनाको मर्मत सम्भारको पनि व्यवस्था गर्ने छ ।

९. आयोजनाको सवै काम उपभोक्ता समिति तथा कामदार समूहको निर्णयअनुसार गर्ने गराउने छौं ।

१०. आयोजनाको चौमासिक र वार्षिक भौतिक तथा वित्तीय खर्चको विवरण गाउँपालिका समक्ष समयमै पठाउने छौं ।

११. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना आफैंले कार्यान्वयन नगरी ठेकदार मार्फत कार्यान्वयन गरेमा कानून बमोजिम कारबाही भोग्न र गाउँ/नगरपालिकाले योजना सम्झौता रुद्ध गरेमा वा योजनाको कार्यको भुक्तानी नदिएमा यस उपभोक्ता समितिले कुनै प्रकारको दावी गर्ने छैन ।

१२. मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।- भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ । साथै उक्त बिलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५% अग्रीम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु २०,०००।- भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

१३. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम् घर बहालमा लिई बिल भरपाई पेश भएको अवस्थामा १०% प्रतिशत घर भाडा कर एवम् बहाल कर तिर्नु पर्नेछ ।

१४. यो आयोजना सम्झौतामा तोकेको अवधि भित्र पूर्ण रूपमा सम्पन्न गर्नेछौं ।



CamScanner

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

तिर्थ बहादुर पौडेल
अध्यक्ष

१५. अन्य सर्तहरू

क. मापदण्ड अनुसारको बाह्य निर्माण सामग्रीहरू गाउँपालिकाबाट उपलब्ध हुनेमा सहमत छौ उपलब्ध सबै सामग्रीहरू गुणस्तरीय हुनुपर्नेछ ।

ख. हाते औजार तथा सुरक्षाका सामग्रीहरू गाउँपालिकाबाट उपलब्ध हुने छ । यी सामागीहरू काम सम्पन्न भए पश्चात् गाउँपालिकालाई फिर्ता गरिसकेपछि मात्र अन्तिम भुक्तानी हुनेमा सहमत छौ ।

ग. योजना खातामा रहेका प्रावधानहरूलाई सम्पूर्णमा कार्यान्वयनमा ल्याई दुरुस्त राख्नेछौ ।

*नोटः माथि उल्लेखित सम्पूर्ण सर्त तथा प्रावधानहरू कार्यान्वयन गर्न गराउन हामी मन्जुर छौं ।*

**गाउँपालिकाको तर्फबाट**

दस्तखत :-

मिति :-

नाम :-

पद :- प्रमुख प्रशासकीय अधिकृत

**उपभोक्ता समितिको तर्फबाट**

दस्तखत :-

मिति :-

नाम :-



CamScanner

## अनुसूची ३: सार्वजनिक परीक्षण प्रतिवेदन ढाँचा

(कार्यविधिको दफा १३(५) सँग सम्बन्धित)

**राप्ती सोनारी गाउँपालिका, बाँके द्वारा**
**.......................उपभोक्ता समिति मार्फत कार्यान्वयन / सञ्चालित ...............................आयोजनाको**
**सार्वजनिक परीक्षण फाराम**

**१. आयोजनाको विवरण**

(क) आयोजनाको नाम:
(ख) ठेगाना:
(ग) लागत अनुमान रु. :
(घ) जम्मा खर्च रकम रु. :
(ङ) आयोजना सुरु मिति:
(च) आयोजना सम्पन्न मिति:

**२. उपभोक्ता समिति सम्बन्धी विवरण:**

(क) उपभोक्ता समितिको नाम:
(ख) अध्यक्षको नाम:
(ग) उपभोक्ता समितिका सदस्य संख्या: महिला: पुरुष:
(घ) आयोजना निर्माण कार्यमा संलग्न घरधुरी संख्या: महिला: पुरुष:
दलित: क्षेत्री/वाह्मण: जनजाती: मधेसी: अन्य:

**३. आम्दानी तथा खर्चको विवरण:**

**(क) आम्दानी तर्फ जम्मा:**

| **क्र.स.** | **आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) रकम वा परिणाम** | **रकम वा परिमाण** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**(ख) खर्च तर्फ जम्मा:**

| **क्र.स.** | **खर्चको विवरण** | **दर रु.** | **परिमाण** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | सामाग्री के के खरिद भयो? | | | | |
| | | | | | |
| | | | | | |
| २ | ज्याला रकम कति तथा के के मा भुक्तानी भयो? | | | | |
| | | | | | |
| | | | | | |
| ३ | सामाग्री ढुवानी गर्दा के मा कति खर्च भयो? | | | | |

गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश नेपाल
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| ४ | व्यवस्थापन खर्च कति के मा खर्च भयो? | | | | |

(ग) मौज्दात विवरण:

| क्र.स. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नगद विवरण | | |
| क | बैङ्क | | |
| ख | व्यक्तिको जिम्मा | | |
| २ | सामाग्रीहरूको विवरण | | |
| क | | | |
| ख | | | |
| ग | | | |

(घ) भुक्तानी दिन बाँकी विवरण:

| क्र.स. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण

| क्र.स. | कामको विवरण | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित घरधुरी तथा जनसंख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू) को विवरण:

| क्र.स. | जातजाति | घरधुरी | जनसंख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | दलित | | | | | |
| २ | ब्राह्मण / क्षेत्री | | | | | |
| ३ | जनजाति | | | | | |
| ४ | मधेसी | | | | | |
| ५ | अन्य | | | | | |

(६) आयोजना सञ्चालन गर्दा कामको जिम्मेवारी तथा बाँडफाँड सम्बन्धी विवरण (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए? खुलाउने)

अनुसूची ४: खर्च सार्वजनिक सूचना फाराम

(कार्यविधिको दफा १३ (६) सँग सम्बन्धित)

खर्च सार्वजनिक सूचना फाराम

मिति: २०८२।.....।....

१. आयोजनाको नाम:

२. आयोजना स्थल:

३. विनियोजन बजेट:

४. आयोजना स्वीकृत भएको आ.व. :

५. आयोजना सम्झौता भएको मिति:

६. काम सम्पन्न गर्नु पर्ने मिति:

७ काम सम्पन्न भएको मिति:

८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मिति:

आम्दानी र खर्चको विवरण

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| **विवरण** | **रकम रु.** | **विवरण** | **रकम रु.** |
| प्रथम किस्ता | | ज्याला | |
| दोस्रो किस्ता | | निर्माण सामाग्री खरिद | |
| तेस्रो किस्ता | | ढुवानी | |
| जनश्रमदान | | भाडा | |
| वस्तुगत सहायता | | व्यवस्थापन खर्च | |
| लागत सहभागिता | | | |
| | | | |

उपर्युक्तअनुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानी तथा खर्चहरू समावेश गरिएको छ । साथै उपभोक्ताहरूको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेस गरिएको छ ।

.......................... .......................... ..........................

कोषाध्यक्ष सचिव अध्यक्ष

राप्ती सोनारी गाउँपालिकाको कार्यालय अगैया बाँके लुम्बिनी प्रदेश नेपाल

अध्यक्ष

अनुसूची ५: आयोजना सूचना पाटी

(कार्यविधिको दफा १३ (७) सँग सम्बन्धित)

राप्ती सोनारी गाउँपालिकाको कार्यालय

वडा नं.....मा गठन भएको....................आयोजना उपभोक्ता समिति/ठेक्का मार्फत सञ्चालित

**आयोजना सूचना पाटी**

**आयोजनाको विवरण :**

१. आयोजनाको नाम :............................................... २. आयोजना स्थल : .......................

३. आयोजना सुरु मिति : ...................... ४. आयोजना सम्पन्न हुने मिति :............

४. आयोजना निर्माण मार्फत रोजगारी प्राप्त गर्ने जम्मा घरधुरी : ............ (क) महिला : ...... (ख) पुरुष : ......

(दलित :........, क्षेत्री/बाह्मण :.........., जनजाति :........., मुस्लिम :........, अन्य :..........)

५. आयोजनाबाट लाभान्वित जनसंख्या : ................ (क) महिला : ...... (ख) पुरुष : ....

(दलित :........, क्षेत्री/बाह्मण :.........., जनजाति :........., मुस्लिम :......., अन्य :..........)

**बजेटको श्रोत**

गाउँपालिकाबाट व्यहोर्ने रकमः रु.................... स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट व्यहोर्ने रकमः रु.............................

स्थानीय जनसहभागिताबाट व्यहोर्ने रकमः रु ................ अन्यः रु.............................................

जम्मा अनुमानित रकम/लागतः रु...........................

**अनुमानित खर्च विवरण**

| क.स. | विवरण | इकाई | दर | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | सिमेन्ट | के.जी | | | |
| २ | रड | के.जी | | | |
| ३ | बालुवा | घन मि. | | | |
| ४ | गिट्टी | घन मि. | | | |
| ५ | ढुंगा | घन मि | | | |
| ६ | दक्ष कामदार | कार्य दिन | | | |
| ७ | अदक्ष कामदार | कार्य दिन | | | |
| ८ | सुरक्षा सामाग्री तथा हाते औजार | रु. | | | |
| ९ | उपभोक्ता समिति व्यवस्थापन खर्च | रु. | | | |

**कामको विवरण र भौतिक परिमाण :**

(क) ढुङ्गाको पर्खालः........................................ (ख) मेशनरी वा सिमेन्ट पर्खालः ..............................

(ग) ग्याबिन कामः ............................... (घ) आर.सि.सी. कामः ...........................................

(ङ) माटो खन्ने/पुर्ने कामः ............................... (च) अन्य कामः ...........................................

**उपभोक्ता समितिको विवरणः**

१. उपभोक्ता समितिको नाम : ..........................................................., जम्मा सख्याः ........, महिलाः .........., पुरुष : .........

३. उपभोक्ता समितिको अध्यक्ष (नाम, थर, सर्म्पक नं.) ..........................................

**आयोजना सञ्चालनार्थ आर्थिक सहायता प्रदायक निकाय :**

**आयोजना सञ्चालनार्थ प्राविधिक सहायता प्रदायक निकाय :**



CamScanner

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भगैया, बाँके
लुम्बिनी प्रदेश नेपाल

बहादुर पौडेल
अध्यक्ष

| क.स. | नाम थर | सम्पन्न गरेको कामको विवरण तथा जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(७) सार्वजनिक परीक्षण कार्यमा उपस्थितिहरूको विवरणः

| क.स. | नाम थर | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

द्रष्टव्यः सार्वजनिक परीक्षण कार्यक्रममा आयोजनासँग सम्बन्धित सरोकारवालाहरूको अनिवार्य उपस्थिति भएको हुनुपर्नेछ ।

तयार गर्नेः

| | | |
|---|---|---|
| ............................ | ................................ | ........................................ |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

प्रमाणित गर्नेः

नाम थरः

पदः

कार्यालयः ........................ गाउँपालिका,................

दस्तखतः

यस आयोजनाको कार्यान्वयनका क्रममा जो कसैले कुनै पनि प्रकारको असामान्य व्यवहार गरेमा, अनैतिक अथवा गैह्र जिम्मेवार पूर्ण कार्य गरेको पाईएमा, दुरुपयोग, ठगी अथवा जालसाजी गरेको भेटिएमा तथा गाउँपालिकाको स्थानीय पूर्वाधार एवं अन्य सेवा सम्बन्धी कुनै गुनासो तथा सुझाव भएमा तिनको उचित व्यवस्थापन र सुनुवाइका लागि तल दिइएको फोन नं मा तुरुन्त सम्पर्क गर्न सकिने छ।

सम्पर्क नम्बर/निःशुल्क टोल फ्री नं. ....................., ईमेल : ...................

## अनुसूची ६: उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

(कार्यविधिको दफा ७ (च) सँग सम्बन्धित
उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन
विवरण पेस गरेको कार्यालय, ...........................

१. आयोजनाको विवरण

(क) आयोजनाको नाम: वडा नं. : टोल/वस्ती:

उपभोक्ता समितिका: अध्यक्ष: सचिव:

२. आयोजनाको कुल लागत: रु.

(क) प्राप्त अनुदान रकम रु................ (ख) सह-लगानी रकम रु................

(ग) जनसहभागिता रकम रु........................ (घ) अन्य रकम रु............................

३. हाल सम्मको खर्च रकम रु.....................

३.१ कार्यालयबाट प्राप्त रकम रु. :.........................

(क) ज्याला:.............. (ख) बाह्य निर्माण सामाग्री:................ (ग) स्थानीय सामाग्री:..............

(घ) सुरक्षाका सामाग्री:....... (ङ) हाते औजार:............. (च) अन्य:........................

३.२. जनसहभागिताबाट व्यहोरिएको खर्च रकम रु.....................

(क) श्रमदान बापतको रकम रु. :.................(ख) जिन्सि सामान मूल्य बराबरको रकम रु. :..................

(ग) अन्य रकम रु. :.....................

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्याङ्कन रकम रु: ..................

५. उपभोक्ता समितिको निर्णय बमोजिम /समीक्षाबाट खर्च देखिएको रकम रु..................

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरू तथा समाधान:

| क.स. | समस्या | समाधानका उपायहरू |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |

७. कार्यालयबाट तथा अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाव:

८. हाल माग गरेको किस्ता रकम रु...........

९. मुख्य खर्च प्रयोजन:

१०. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौं ।

| | | | |
|---|---|---|---|
| .................... | .................... | .................... | .................... |
| तयार गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |